नि.प्र.का. सप्तरी द.नं. ३३/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १५६ २०७७ साल माघ ६ गते मंगलबार (19 Jan. 2021 Tuesday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- नेपालको अन्तराष्ट्रिय सीमा अतिक्रमण गरेमा, सीमास्तम्भ हटाएमा वा ठाउँ परिवर्तन गरेमा पाँच वर्षसम्म कैद र पचार हजार रुपैयाँ सम्म जरिवाना हुने,
- नेपालको प्रतिनिधित्व गरी खेल खल्ने खेलाडीले खेलमा मिलेमतो (Match Fixing) गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने,
- नेपाल विरुद्ध जासूसी गर्नेलाई पच्चीस वर्षसम्म कैद हुने,
- राष्ट्रिय गान, झण्डा वा निसान छापको अपमान वा क्षति गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- राष्ट्रिय विभूतिको अपमान गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : महिला हिंसा समृद्ध .. ३ पृष्ठमा : 'जनकपुर-जयनगर रेल्वे' माघ.. ३ पृष्ठमा : सुडान झडपमा ८० भन्दा ...

# नेकपा सत्ता पक्षले राजविराजमा शक्ति प्रदर्शन गर्ने

## माघ ८ मा मोटरसाइकल र्‍याली, १३ मा आमसभा



नेकपा (ओली समूह) प्रदेश २ का सचिवसमेत रहेका राष्ट्रिय सभा सदस्य सुमनराज प्याकुरेलले सोमबार राजविराजमा पत्रकारमार्फत कार्यक्रम बारे जानकारी दिदै । *तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, ५ माघ ।**

नेकपा सत्ता पक्षले राजविराजमा शक्ति प्रदर्शन गर्ने भएको छ । विपक्षिले आन्दोलनको माहोल तताइरहेका बेला सप्तरीमा नेकपाको सत्तापक्षले पनि शक्ति प्रर्दशन गर्ने भएको हो ।

नेकपा (ओली समूह) प्रदेश २ का सचिवसमेत रहेका राष्ट्रिय सभा सदस्य सुमनराज प्याकुरेलले सोमबार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरि माघ ८ र १३ गते ठूलो सभाको आयोजना गर्ने जानकारी दिएका छन् ।

पत्रकार सम्मेलनमा माघ ८ गते यूवा संघ नेपालका केन्द्रिय इन्चार्ज महेश बस्नेतको प्रमुख आतिथ्यमा राजविराजमा यूवाहरुको र्‍याली तथा प्रदर्शन र प्रशिक्षण तथा १३ माघमा उपप्रधानमन्त्री एवं सचिवालय सदस्य ईश्वर पोखरेलको प्रमुख आतिथ्यमा विशाल आमसभाको आयोजना गर्ने तय भएको जानकारी दिए ।

सो क्रममा उनले पार्टीको अध्यक्षमा प्रचण्ड र वरिष्ठ नेतामा माधव नेपाल हालसम्म पनि कायमै रहेको जानकारी दिँदै पार्टीले कसैलाई निष्काशन नगरेको दाबी समेत गरे ।

प्रधानमन्त्री ओलीले नेपालमा अस्थिरता निम्त्याउन सक्रिय देशी र विदेशीको

*बाँकी अन्तिम पृष्ठमा*

# आगलागी चार घर नष्ट, बीस लाखको क्षति

**दैनिक समाचारदाता**
**राजविराज, ५ माघ ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका २ स्थित सकरदही टोलमा आइतबारराती भएको आगलागीमा चार घर जलेर नष्ट भएको छ ।

स्थानिय जगन सुतिहारको गाइगोठबाट सुरु भएको आगलागीमा निजको घरसहित छिमेकी नारायण सुतिहार, दुर्गानन्द सुतिहार र सुमित मगरदैताको गरि चार घर जलेर नष्ट भएको वडा अध्यक्ष संतोष गोइत यादवले जानकारी दिएका छन् ।

राती खाना खाएर सुतेको बेला अचानक सल्केको खाद्यान्न, लताकपडा, नगद जिन्सी र भडाकुडा गरि करिब २० लाख मुल्य भन्दा बढीको क्षति भएको वडा अध्यक्ष यादवले बताउ ।

स्थानियबासी, हनुमाननगरबाट गएका बरुणयन्त्र तथा सशस्त्र प्रहरी बल भारदह र नेपाल प्रहरीको टोलीले अगोलाई नियन्त्रणमा लिएको थियो ।




# संसद विघटन बिरुद्ध नेकपा दाहाल-नेपाल समूहको प्रदर्शन




**दैनिक समाचारदाता**
**राजविराज, ५ माघ ।**

संसद विघटन बिरुद्ध सोमबार सप्तरीमा नेकपाको दाहाल-नेपाल समूहले बिरोध प्रदर्शन गरेको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले असंबैधानिक कदम चालेको भन्दै सो बिरोध प्रदर्शन गरिएको हो ।

स्थानिय शिव मन्दिरको प्राङ्गणबाट टाउकोमा कालो पट्टी बाधेर निस्केको बिरोध जुलुसमा सहभागि नेता कार्यकर्ताले प्रतिनिधिसभा पुर्नस्थापनाको मागका साथै प्रधानमन्त्री ओली बिरुद्ध चर्को नाराबाजी गरेका थिए ।

प्रदर्शनपछि संघर्ष समिति राजविराज नगर कमिटिका संयोजक केदार देवको अध्यक्षतामा आयोजित कार्यक्रमलाई पूर्वमन्त्री उमेश यादव, प्रदेश कमिटि सदस्य महेश यादव, केन्द्रिय सदस्य मो. गणि, जिल्ला इन्चार्ज अशोक कुमार मण्डल लगायतले सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले चालेको गलत कदम आन्दोलनबाटै सच्याउन बाध्य पार्ने चेतावनी समेत दिए ।



## सम्पादकीय

### महामारीप्रति सर्तक रहौं, हेलचक्राई नगरौं

कोरोना महामारीको त्रास अहिले पनि कायमै रहेको छ । ११ महिना अघि नेपालमा पनि यो महामारी फैलिएको हो । गत वर्षको चैत महिनादेखी झण्डै ६ महिनासम्म नेपालमा महामारी नियन्त्रण तथा रोकथाम गर्ने उद्देश्यले लकडाउन गरिएको थियो । महामारीको जोखिमकै बीचमा सरकारले लकडाउन खुकुलो पारेपछि जनजिवन सामान्य तर्फ उन्मुख हुँदै गएको छ । तर अहिले पुनः कोरोना महामारीको नयाँ प्रजातीको लक्षण देखापर्न थालेपछि विश्व पुनः त्रसित हुन पुगेको छ । नेपालमा पनि कोरोनाको नयाँ प्रजातीका लक्षणका साथ तीन बिरामी फेला परेका छन् ।

यस्तो अवस्थामा स्वास्थ्य मापदण्डसहित सर्तकताका अपनाउनु आवश्यक भएको छ । स्वास्थ्यसँग हेलचक्राई नगरि सरकारबाट जारि स्वास्थ्य मापदण्डका सुझावलाई पालना गर्न अत्यन्त आवश्यक भएको छ । कोरोनाको नयाँ रुप नेपाल भित्रिसकेको अवस्थामा सम्पूर्ण जनताले यसलाई गम्भिर रुपमा लिनुपर्छ ।

यता विश्वका केही मुलुकले महामारी बिरुद्ध खोप तयार गरि आफ्ना जनतालाई लगाउन सुरु गरिसकेको छ । तर, नेपालमा कोरोना महामारी नियन्त्रण नभएको अवस्था तथा यस बिरुद्ध हालसम्म कुनै औषधी उपलब्ध भएको छैन् । तसर्थ यस्तो परिस्थितिमा जनता आफै सर्तक भई पूर्ण रुपमा स्वास्थ्य मापदण्डको पालना गर्नु पर्ने अतिआवश्यक रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# महिला हिंसा समृद्ध समाजको शत्रु



**हंसा कुमारी साह**

महिला हिंसा नेपाली समाजको परम्परागत समस्या हो । बलात्कार, एसिड आक्रमण, घरेलु हिंसाबाट अधिकांश महिला अमानवीय प्रवृत्तिले बाँच्न विवश छन् । राणाकालदेखि अहिले लोकतान्त्रिक मुलुकको निर्माण हुँदासम्म पनि महिला हिंसाको अन्त्य हुन सकेको छैन । आखिर महिला हिंसाले अहिलेको युगमा पनि उग्र रुप लिइरहँदा सरकार किन मौन छ त ?

नेपाली राजनीतिमा महिला हिंसाको विरुद्धमा काम गर्ने भन्दा पनि यी समस्यालाई चुनावी एजेन्डा बनाएर आफ्नो स्वार्थ परिपूर्ति गर्ने आकांक्षा नेपाली राजनीति दल र नेताहरुमा देखिएको छ । हरेक चुनावमा नेताहरुले विभिन्न क्षेत्रमा गएर महिला हिंसा विरुद्ध आफू लाग्ने बाचा गर्छन् । तर, चुनाव जितिसके पछि नेताहरुका घोषणा कागजमा मात्रै सीमित हुन्छ । कुनै पनि महिला हिंसाको खबर पत्र-पत्रिकामा आएपछि सामाजिक सञ्जालमा भाइरल भएपछि सांसदहरु एकपछि अर्को गर्दै लामा-लामा भाषणको ओइरो ल्याइदिन्छन् । सरकारले पनि आफू गम्भीर भएको जस्तो नाटक गर्न महिला तथा बाल बालिका मन्त्रालयमा निर्देशन पठाउँछन् । अहिले त महिला हिंसा हुने बित्तिकै समिति बनाएर प्रतिवेदन बुझाउन निर्देशन दिइन्छ । भोलिदेखि पत्र-पत्रिकाका हेडलाइनमा नयाँ कुरा छापिन्छन् र दुई-चार दिन पछि सबै घटना बिर्सिन्छन् । यही प्रवृत्तिले गर्दा दोषी कानुनी सजायबाट उम्किन्छन् र पुनः यस्ता हिंसामा संलग्न हुन्छन् ।

सरकार भनेकै जनताका समस्याहरुलाई हटाउन बनाइएको एक जिम्मेवार अङ्ग हो । तर कुर्सीको लडाइँले गर्दा यी समस्याप्रति जति मिहेनत र काम गरिनुपर्ने हो त्यो भएको देखिदैन । देश अहिले साँच्चिकै विषम परिस्थितिमा छ । राजनीतिक लडाइँले गर्दा सरकार आफैं कोलाहलको स्थितिमा पुगेको छ । त्यसमाथि कोरोना कहर; स्वास्थ्य क्षेत्रमा उथलपुथल भएको अवस्था छ ।

कोरोना महामारी पछि लगाइएको लकडाउनभरी यता १३३१ वटा घटनाहरु महिला हिंसाका रहेका छन् । हरेक दिन ७ वटा बलात्कारका घटना दर्ज हुन्छन् । पितृप्रधान सोचाइले ग्रसित नेपाली समाजमा महिलाहरुको हाल दयनीय छ । यी सबै हुँदा-हुँदै पनि सरकार मौन छ । जति घचघचाए पनि सरकार मूर्तिको रुप लिएर बसेको छ ।

तर सबै दोष सरकारलाई मात्र दिएर हुँदैन । सरकारलाई घचघचाउने काम विपक्षीले गर्न छाड्नु हुँदैन । तर बिडम्बना राजनीतिक स्वार्थ र चलखेलका कारण विपक्षी पार्टीहरु महिला हिंसा विरुद्ध आवाज उठाउन सकिरहेका छैनन् । सायद चुनावको प्रतिक्षामा छन्, महिला हिंसाका समस्यालाई चुनावी एजेन्डा बनाउँछन् । सरकार र महिला तथा बालबालिका मन्त्रालय पछि सबैभन्दा बढी जिम्मेवार अङ्गको रुपमा राष्ट्रिय महिला आयोग रहेको छ । राष्ट्रिय महिला आयोगको पनि आफ्नै समस्या छन् । आन्तरिक चलखेल, गुटगत राजनीति र भत्ता थापन बाहेक आयोगमा नियुक्ति भएका व्यक्तिहरुको खासै केहि चासो छैन महिला हिंसालाई न्यूनीकरण गर्न ।

संघीयता लागू भएदेखि देशमा छुट्टै तरङ्ग आएको थियो । स्थानीय तहले आम जनताको चाहना परिपूर्ति गर्छ भनेर नागरिकहरु खुसी थिए । तर परम्परागत राजनीतिक खेलले गर्दा महिला हिंसा विरुद्ध जन-स्तरमा चेतना फैलाउने काम स्थानीय तहको प्राथमिकतामा नै छैन । योजना बनाउने समितिमा दक्ष जनशक्तिको अभावले गर्दा तथा स्वतन्त्र न्यायलयको स्थापना हुन नसक्दा महिला हिंसा न्यूनीकरणमा खासै उन्नति देखिएको छैन । गजबको कुरा के छ भने आम नागरिकले पनि सामाजिक सञ्जालमा चटपटे घटनालाई सेयर गर्नु बाहेक खासै केही गरेका छैनन् । विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरु पनि बसी-बसी पैसा पचाउने बाहेक अरु केही आश लाग्दो गतिबिधि देखाएको छैन ।

महिला सशक्तिकरणका तालिम र योजनामा पनि खोट देखिएको छ । विगतका केही वर्षमा थुप्रै भेला, गोष्ठी तथा तालिमहरुको आयोजना भए । तर नियालेर हेर्ने हो भने ती तालिम र सभाहरुमा ती महिलाहरुको मात्र सहभागिता छन् जो कुनै न कुनै राजनीतिक पार्टीमा संलग्न छ । यसरी गाउँ-घरमा भइरहेका महिला हिंसाका मुद्दा सधैं छाया मै रहन्छन् ।

यी सबै कुराको तात्पर्य निकै सरल छ । जबसम्म सरकार, संवैधानिक अङग, सम्बन्धित निकाय र आम नागरिकले महिला हिंसा विरुद्ध मिलेर काम गर्दैनन् तबसम्म महिलाहरु सुरक्षित हुन सक्दैनन् । सरकारले सशक्त नियम र कानुनको व्यवस्था मिलाउन अपरिहार्य देखिन्छ । कानुन बनाएर मात्र पुग्दैन । कानुन र प्रावधानका बारेमा आम नागरिकलाई निरन्तर रुपमा अवगत गराउनुपर्छ । यस्ता हजारौं महिलाहरु छन् जसले आफ्नो हक र अधिकारबारे ज्ञान नभएर हिंसा सहेर बस्नु परेको छ । तसर्थ सामाजिक सञ्जाल तथा मिडियाहरुको सहयोगले कानुनी प्रावधानका बारेमा जानकारी गराउन पर्दछ । यसका साथै न्यायलायलाई पनि स्वतन्त्र राख्न जरुरी देखिन्छ । राजनीतिक शक्तिका आधारमा दोषी सजिलै उम्किन्छन् र हिंसालाई प्रेरित गर्छ । यसका साथ-साथै शिक्षाको दायरालाई बढाउन जरुरी देखिन्छ । पितृप्रधान सोचाइलाई हटाउन शिक्षा एक मुख्य हतियार हो । महिला शसक्तिकरणका योजनालाई विकट गाउँ-गाउँसम्म पुऱ्याउन जरुरी देखिन्छ । आम नागरिक मौन भएर बस्नु भएन । हामीले आफ्नो ठाउँबाट सक्दो प्रश्न सरकारलाई गर्नुपर्छ । महिला हिंसा समाजमा रहनु हुँदैन । हामी सबै मिलेर यो समस्यलाई परास्त गर्न सक्छौं । *(साह समाजसेवी तथा जसपाकी नेतृ हुन् ।) (मधेश दर्पण फिचर सेवा)*

हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस ।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस् ।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# ‘जनकपुर-जयनगर रेल्वे’ माघ अन्तिमदेखि सञ्चालनमा आउँदै

धनुषा, ५ माघ (रासस) ।

‘जनकपुर-जयनगर रेल्वे’ यही माघको अन्तिम सातादेखि सञ्चालनमा आउँदैछ । नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक गुरु भट्टराईले रेल्वे सञ्चालनका लागि आवश्यक तयारी अन्तिम चरणमा पुगेको हुँदा माघ अन्तिम सातादेखि रेल सेवा शुरु हुने बताउनुभयो ।

भारतको विहार राज्यको जयनगरदेखि जनकपुरको कुर्थासम्मको ३५ किलोमिटरमा रेल सेवा सञ्चालन हुनेछ । महाप्रबन्धक भट्टराईले भन्नुभयो, “जयनगरदेखि कुर्थासम्मका लागि रेल्वे लिक, स्टेसन, सिग्नललगायतका संरचना तयार भई भारतीय रेल्वे प्राविधिकद्वारा त्यसको परीक्षणसमेत भइसकेको र सो खण्डमा रेल सञ्चालन गर्न अब कुनै पनि प्राविधिक काम बाँकी छैन ।”

महाप्रबन्धक भट्टराईको अनुसार माघ १५ गतेभित्र रेल सेवा सञ्चालन गर्नका लागि आवश्यक मुख्य प्राविधिक जनशक्ति भारतबाट नेपाल आइपुग्दैछ । त्यसका लागि भारत सरकारको स्वामित्वमा रहेको कोङ्कर्ण रेल्वे कर्पोरेशनसँग सम्झौता हुने भएको उहाँले बताउनुभयो । भट्टराईले भन्नुभयो, “सम्झौताका लागि आवश्यक ‘डकुमेन्टस’समेत तयार भइसकेको छ र ड्राइभर, इञ्जिनीयरलगायत २६ जना मुख्य प्राविधिक जनशक्ति भारतबाट नेपाल आउन तयारी अवस्थामा रहेको छ ।” त्यसैगरी रेल सेवा सञ्चालन गर्न ४६ जना निजामती सेवाबाट र ६० जना रेल्वेका सेवा निवृत्त कर्मचारी लिएर तत्काल सेवा सञ्चालन गरिने महाप्रबन्धक भट्टराईले जानकारी दिनुभयो । निजामतीबाट आउने कर्मचारीलाई सामान्य प्रशासन मन्त्रालयको स्वीकृतिमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले पत्र पठाइसकेको जनाइएको छ । भारतीय जनशक्ति माघ १५ गतेभित्र नेपाल आइपुगेपछि रेल्वे सञ्चालनका लागि गर्नुपर्ने विभिन्न परीक्षण गर्नुका साथै नेपालका कर्मचारीलाई आवश्यक तालीम प्रदान गर्नेछ ।

अहिले पहिलो चरणमा जयनगरदेखि कुर्था खण्डमा सञ्चालनका लागि गत असोज २ गते भारतबाट ल्याइएका दुई वटा डेमो रेल इनर्वास्थित स्टेशनमा पार्किङ गरी राखिएको छ भने रेल्वेको सुरक्षाको जिम्मा पछिल्लो मन्त्रिपरिषद् बैठकले सशस्त्र प्रहरी बललाई दिइसकेको छ/ । अहिले १२६ जना सशस्त्र प्रहरीले उक्त रेल्वे खण्डको सुरक्षा दिइरहेका छन् । रेल सञ्चालनका लागि आवश्यक पर्ने अन्य टिकट, सफ्टवेयरसमेत तयार भइसकेको छ । जयनगरदेखि कुर्थासम्म ३५ किलोमिटरको भाडा साधारणमा ७० रुपैयाँ र एसीमा ३०० सम्म तोकिएको छ । प्रतिकिलोमिटर बढीमा १५ रुपैयाँ साधारणमा र एसीमा साधारणभन्दा पाँचगुणा बढी भाडा तोकिएको उहाँले बताउनुभयो । एक स्टेसनबाट अर्को स्टेसनमा झरेको खण्डमा प्रतिकिलोमिटर १५ रुपैयाँका दरले भाडा लाग्ने छ । दुई वा दुईभन्दा बढी स्टेसनसम्म यात्रा गरे त्योभन्दा कम भाडा लाग्ने छ । कुर्थादेखि जयनगरसम्म जयनगर, इनर्वा, खजुरी, वैदही र कुर्था गरी पाँच वटा स्टेसन राखिएको छ ।

जनकपुर, मैनाथपुर र परवाहामा हल्ट छ । स्टेसनमा एकभन्दा बढी रेल्वे लिक बनाएकाले त्यहाँ रेलको क्रसिङ गरिनेछ । हल्ट भएको स्थानमा रेल केही समयका लागि विश्राम अर्थात् त्यहाँ यात्रु ओसारपसार मात्रै हुनेछ । स्टेसन र हल्ट भएका स्थानमा रेलको टिकट काटिनेछ । अनलाइनमार्फत पनि टिकट बुक गर्न सकिने छ ।

त्यसैगरी जनकपुर-जयनगर रेल्वेको साइट इञ्चार्ज विनोद ओझाले जयनगरदेखि कुर्थासम्म यात्रा गर्न एक घण्टा लाग्ने बताउनुभयो । इञ्जिनीयर ओझाले डिजेल र विद्युत् दुवैबाट चल्ने विश्वमै नयाँ मोडेलका रूपमा तयार गरिएको यो प्रतिघण्टा ११० किलोमिटरको गतिमा चल्न सक्ने बताउनुभयो । एउटै इञ्जिन भए पनि दुवैतर्फबाट चलाउन सकिने रेलको एउटा डब्बामा ७० सिट छन् । प्रतिकिलोमिटर दुई लिटर डिजेल खपत हुने रेलमा आवश्यकताअनुसार थप चार वटा डिब्बासम्म जोड्न सकिने इञ्जिनियर ओझाले बताउनुभयो ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुंको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

मोवाईल नं. ९८५२८२०९३५

## विश्व समाचार

### सुडान झडपमा ८० भन्दा बढीको मृत्यु

खार्तूम, सुडान, ५ माघ (रासस/एएफपी) ।

सुडानको पश्चिमी डार्फर राज्यको राजधानी एल जेनिनामा सशस्त्र मिलिशियाद्वारा गरिएको आक्रमणमा ८० भन्दा बढी व्यक्तिको मृत्यु भएको सुडानी राज्य सञ्चालित समाचार संस्था (सुना न्यूज एजेन्सी) ले आइतबार जानकारी गराएको छ ।

गत शनिबारबाट शुरु भएको यस झडपमा परी कम्तीमा ८३ व्यक्तिको मृत्यु हुनुको साथै अन्य १६० व्यक्ति घाइते भएका सुनाले उपचारमा सम्लग्न चिकित्सक तथा अस्पताल स्रोतलाई उद्धृत गरी उल्लेख गरेको छ ।

“शनिबार बिहानदेखि एल जेनिना शहरमा भएका रक्तपातपूर्ण घटनाहरू अझै जारी रहेका छन्, जसमा हाम्रो तथ्याङ्क अनुसार ८३ जना मारिएका र १६० जना घाइते भएका छन् ।” सुनाले पश्चिम डार्फर राज्यमा रहेको चिकित्सकहरूको समितिलाई उद्धृत गरी लेखेको छ ।

सुरक्षा बल र मेडिकल सेवासहितको यातायातका साधनहरू उपलब्ध गराउन सरकारलाई आग्रह गरिएको उक्त समितिले थप जानकारी दिएको छ । पश्चिम डार्फरमा शनिबारदेखि चलेको यस घटनालाई नियन्त्रणमा लिन स्थानीय अधिकारीहरूले निषेधाज्ञा आदेश समेत जारी गरेका छन् ।

### रुसी विपक्षी नेता नाभाल्नी रिहा गर्न जर्मनी, अमेरिका र ईयुको माग

बर्लिन, ५ माघ (रासस/एएफपी) ।

रुसले विपक्षी नेता अलेक्सी नाभाल्नी तत्काल रिहा गर्नु पर्ने जर्मनीका विदेश मन्त्री हैको माआजले सोमबार आग्रह गर्नु भएको छ । जर्मनीमा उपचारपछि स्वदेश फर्किनुभएका नाभाल्नीलाई राजधानी मस्कोको विमानस्थलमा पक्राउ गरिएको विषयमा पश्चिमा देशहरुले रुसको आलोचना गरेपछि विदेश मन्त्रीको सो आग्रह आएको हो ।

अमेरिकाका राष्ट्रपति निर्वाचित जो बाइडेनको टोलीले नाभाल्नीलाई तुरुन्त रिहा गर्न माग गरेको छ । अमेरिकी विदेश मन्त्री माइक पोम्पेओले नाभाल्नीलाई पक्राउ गरिएकोमा ट्विटरमार्फत टिप्पणी गर्नु भएको छ । नाभाल्नीको रिहाको युरोपियन युनियन (इयु) द्वारा पनि माग भएको छ ।

क्रेमलिनका आलोचक ४४ वर्षीय नाभाल्नीलाई विमानस्थलको पासपोर्ट नियन्त्रण कक्षबाट प्रहरीले हिरासतमा लिएका थिए । उनलाई अभिवादन गर्न मस्कोको नुकोभो विमानस्थलमा भिड जम्मा भएपछि उनको विमान अन्यत्रै ओरालिएको थियो । गत अगष्टमा रूसकै ओम्स्कबाट मस्को जाने विमानमा रहेका समय विमानमा नै अकस्मात विरामी परेका नाभाल्नीलाई आकश्मिक अवतरण गराई स्थानीय एक अस्पतालमा उपचार गरिएको थियो । फ्रान्सेली र स्वेडिस प्रयोगशालामा गरिएको परीक्षणमा नाभाल्नीलाई बेहोस बनाउने सोभियतकालीन रसायन ‘नोभिचोक’ खानामा मिसाएर खुवाइएको पनि जर्मनीले बताएको छ ।

उहाँलाई जर्मनीको अनुरोधमा आन्तरिक विमानमार्फत् उपचारका लागि बर्लिन लगिएको थियो । जर्मनीमा डाक्टरहरूले नाभाल्नीलाई विष दिइएको कुराको पुष्टि गरेका थिए । उहाँलाई अस्पतालबाट सेप्टेम्बरमा डिस्चार्ज गरिएको थियो तर चिकित्सकको सल्लाहअनुसार त्यहीँ आराम गरिरहनुभएको थियो ।

रूसी प्रशासनले उहाँलाई स्वदेश फर्किएपछि पक्राउ गर्नसक्ने चेतावनीबीच उहाँ राजधानी मस्को जानुभएको हो । क्रेमलिनको कट्टर आलोचक विपक्षी नेता नाभाल्नीले आफू निर्दोष रहेको र देशका लागि काम गरिरहेको बताउँदै यसक्रममा आफूलाई पक्राउ गर्ने भनी आएका समाचारबाट आफू स्वदेश फिर्ता हुन नडराएको बताउनुभएको थियो ।

उहाँ आइतबार ग्रीनवीच समयानुसार साँझ ४:२० मा बर्लिनबाट मस्कोका लागि जानुभएको हो । मस्कोको भेनुकोभो विमानस्थलमा उहाँ चढेको विमान अवतरण हुने बताइएको छ । रूसी प्रशासनले उहाँलाई जेलबाट छुट्दा गरेको प्रतिवद्धता उल्लङ्घनको आरोपमा पुनः पक्राउ गरी छानविन हुनसक्ने बताएको छ ।

### चीनको खानीमा फसेका श्रमिक जीवितै रहेको संकेत भेटियो

बेइजिङ, ५ माघ (रासस/एएफपी) ।

पूर्वी चीनको भूमिगत खानीमा जनवरी १० मा फसेका २२ श्रमिक खानीभित्र जीवित नै रहेको लक्षण भेटिएको उद्धारकर्ताहरूलाई उद्धृत गरी चिनियाँ समाचार संस्था सिन्ह्वाले जनाएको छ । खानी भत्किएर पुरिएका उनीहरू एक हप्ता पछि खानीमा जीवित रहेका लक्षणहरू फेला परेका आइतबार उद्धारकर्ताहरूले बताएका हुन् । उनीहरूको उद्धारका लागि थप प्रयासहरू शुरु भएका चिनियाँ अधिकारीले बताएका छन् ।

खानीमा विस्फोट हुँदा बाहिर निस्किने भऱ्याङ भत्किएका कारण उनीहरू खानीभित्र फसेका हुन् । खानीभित्र रहेका ती मजदूरसँग सम्पर्क भने गर्न सकिएको छैन । जमिनभित्रबाट कसैले ढकढकाएको आवाज आएको उद्धारकर्मीहरूले बताएका तर यो आवाज श्रमिकको नै हो भन्ने पुष्टि भने नभएको बताइएको छ ।

चीनको पूर्वी प्रान्त शान्दोङको किसिया सहर नजिकै रहेको सुन खानीमा रहेका उनीहरूलाई जीवितै उद्धार गर्ने आशा क्षीण बनेको समय उनीहरूमध्ये कोही जीवितै रहेको लक्षण भेटिएको खबरले श्रमिकका परिवार र आफन्तमा उनीहरू जीवित हुने आशा पलाएको छ ।

आइतवार दिउँसो उद्धारकर्मीहरूले खानीमा ‘ड्रिल’ गर्ने क्रममा ‘ढकढक्याइरहेका आवाजहरू’ सुनिएका सिन्ह्वा समाचार एजेन्सीले समाचारमा लेखेको छ । यद्यपि यसलाई पुष्टिकरणको आवश्यकता रहेको समाचारमा उल्लेख छ ।

स्थानीय अधिकारीहरूले खानीमा खाद्यान्न र टेलिफोन लाइनहरू पठाउने योजना बनाएका छन् । शान्दोङ इन्भेस्टमेन्ट कम्पनी लिमिटेडको स्वामित्वमा रहेको खानीमा दुर्घटना हुँदा श्रमिकले खानीलाई सुरक्षित पार्ने काम गरिरहेको बताइएको छ । विष्फोटनको विषयलाई लिएर खानीसँग जोडिएका दुई अधिकारीलाई बर्खास्त गरिएको छ ।

# जेसीजद्वारा 'प्रेरणादायक तालिम'




**दैनिक समाचारदाता**
**राजविराज, ५ माघ ।**

राजविराज जेसीजले नवनिर्वाचित कार्यसमितिका पदाधिकारीलाई 'प्रेरणादायक तालिम' दिएको छ । राजविराज जेसीजका पूर्व अध्यक्ष मनोहर पोखरेलले तालिमको उद्घाटन गर्दै जेसीजको स्थापना, उद्देश्य र दर्शनका बारेमा जानकारी दिए ।

राजविराज जेसीजका अध्यक्ष सिद्धार्थ तातेडको अध्यक्षता एवम नयाँ कार्यसमितिका पदाधिकारीको सहभागिता रहेको तालिममा नेपाल जेसीज एरिया ए का पूर्व तालिम कोर्डिनेटर भुवन राउतले प्रशिक्षण दिएक छन् ।

प्रशिक्षक राउतले जेसीजमा आबद्ध सबैका लागि तालिम आवश्यक रहेको बताउदै नेतृत्वसिप हस्तान्तरण गर्ने कुरा भएकाले सक्षम नेतृत्व उत्पादन गर्न स्वयम् सक्षम र आत्मनिर्भर हुनुपर्ने बताए ।

महासचिव राजेशकुमार मण्डलले सञ्चालन गरेका कार्यक्रममा तालिम संयोजक अनिषा ठाकुरले तालिमको औचित्यमाथि प्रकाश पार्दै युवाहरुको नेतृत्व, व्यक्तित्व र उद्यमशिलताको विकासका लागि प्रत्येक महिना आवश्यक र फलदायी तालिमको आयोजना गरिने जानकारी दिए ।

# रक्सौल डिपोबाट पेट्रोलियम पदार्थ आयात बन्द

काठमाडौं, ५ माघ (रासस) ।

नेपाल आयल निगमले रक्सौल डिपोबाट पेट्रोलियम पदार्थको आयात बन्द गर्ने निर्णय गरेको छ । इण्डियन आयल कर्पोरेशनले (आइओसी) दुई वर्षभन्दा बढी समयदेखि सुरक्षाका कारण देखाउँदै उक्त डिपो सञ्चालनमा समस्या भएको जनाउँदै आएको थियो । आइओसीले समस्या भएको लामो समयदेखि जानकारी गराएको भन्दै निगमले उक्त डिपोबाट पेट्रोलियम पदार्थको आयात बन्द गर्ने निर्णय गरेको जनाइएको छ ।

उक्त डिपो बन्द गर्ने निर्णय पछि रक्सौल डिपोबाट पेट्रोलियम पदार्थ आयात गरिरहेका बारा र पर्साका पेट्रोलियम व्यवसायीले नेपाल आयल निगमको २ नम्बर प्रादेशिक कार्यालयमा खरीदको व्यवस्था भएको निगमका प्रवक्ता विनितमणि उपाध्यायले जानकारी दिनुभयो । उहाँका अनुसार यसअघि रक्सौल नाकाबाट लोड लिइ निगमको वीरगञ्ज शाखा कार्यालयबाट बिलिङ गर्दै आएको पेट्रोलियम पदार्थका अधिकृत बिक्रेताले अब २ नम्बर प्रादेशिक कार्यालयबाट पेट्रोलियम पदार्थ लिने र बिलिङ गर्नुपर्ने हुन्छ ।

निगमले लागू गरेको नयाँ व्यवस्थाका सम्बन्धमा केही अन्योल उत्पन्न भएपछि निगमको केन्द्रीय कार्यालय बबरमहलबाट गएको टोली र बारा/पर्सा पेट्रोलियम डिलर्स एशोसिएसन तथा स्थानीय प्रशासनबीच छलफलसमेत गरिएको थियो ।

मोतीहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनको अधिकतम उपयोग नहुँदासम्म अथवा इण्डियन आयल कर्पोरेशनले मोतिहारी डिपोको संरचना निर्माण कार्य पूरा नभएसम्म पेट्रोलियम पदार्थको सहज आपूर्ति नहुने तथा निगमको लागत बढ्ने जनाइएको छ । गत डिसेम्बरमा अमलेखगञ्ज डिपोबाट एक लाख किलोलिटरभन्दा बढी पेट्रोलियम पदार्थ आपूर्ति गर्न रक्सौल डिपोबाट ४० हजार किलोलिटर र पाइपलाइनबाट ६० हजार किलोलिटर आयात भएको निगमले जनाएको छ । रक्सौल डिपोबाट पेट्रोलियम पदार्थ ल्याउन बन्द भएपछि बारा र पर्साका अधिकृत बिक्रेताले पेट्रोलियम पदार्थ डिलर्स एशोसियसनको समन्वयमा प्रदेश नं २ प्रादेशिक कार्यालयबाट खरीद गर्ने सहमति जनाइसकेका छन् ।






# नेपालमा तीन जनामा नयाँ प्रजातिको कोरोना पुष्टि

काठमाडौं, ५ माघ (रासस) ।

नेपालमा तीन जनामा नयाँ प्रजातिको कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको छ । नेपालमा २८ वर्षीया महिला तथा ३२ र ६७ वर्षीय पुरुषमा नयाँ प्रजातिको कोरोना सङ्क्रमण पुष्टि भएको हो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोभिड-१९ को नयाँ प्रजाति भेरियन्टको उद्गमस्थल बेलायतबाट केही समयअघि नेपाल आएकालाई निगरानीमा राखेको थियो । निगरानी राखेकामध्ये छ वटा नमूनाको सार्स कोभ-दुईको परीक्षण गर्दा नेपालमा तीन नमूना एस जीन टार्गेट नेगेटिभ पाइएको थियो ।

नयाँ प्रजातिको सङ्क्रमण हो कि होइन भनेर पुष्टि गर्न गत पुस २७ गते उनीहरुको नमूना विश्वस्वास्थ्य सङ्गठनको सहयोगमा हङकङ पठाइएकामा तीन नमूनामा सो प्रजाति पुष्टि भएको मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले जानकारी दिनुभयो ।

उक्त नमूनाको नजिता राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाई इमेलमा सोमबार प्राप्त भएको उहाँले बताउनुभयो । "तीन जनामा बेलायतमा देखिएको नयाँ भेरियन्ट लाइनएज बि १.१.७ तथा २० बि/५०१ वाई भी वान भएको पुष्टि भएको छ", डा गौतमद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । उनीहरुमध्ये २८ वर्षीया महिला र ३२ वर्षीय पुरुषमा कोरोना नेगेटिभ भइसकेको छ भने ६७ वर्षीय पुरुषमा कोरोना पोजेटिभ देखिए पनि कुनै लक्षण भने नदेखिएको मन्त्रालयले जनाएको छ ।

नेपालमा कोरोनाको भ्याक्सिन उपलब्ध नहुञ्जेलसम्म उच्च सावधानी अपनाउन मन्त्रालयले सबैमा अनुरोध गरेको छ । "सकेसम्म भीडभाडमा नजाने, जानु परे पनि दुई मिटरको दूरी कायम राख्ने, बाहिर जाँदा अनिवार्यरुपमा मास्क लगाउने र साबुन पानीले हात धुने वा स्यानिटाइजर प्रयोग गर्नु नै मुख्य रोकथामको उपाय भएकाले यसलाई अपनाउन सबैमा अनुरोध छ", डा गौतमद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

## *नेकपा सत्ता ...*

षडयन्त्र असफल पार्न प्रतिनिधिसभा भंग गर्न बाध्य भएको जिकिर गर्दै उनको सो कदमको बचाउ पनि गरे ।

नेता सुमनले प्रश्न जनताको नासो जनतालाई नै सुम्पिदा प्रधानमन्त्रीले चालेको कदम कसरी असंबैधानिक भयो भन्ने प्रश्न समेत गरे । उनले मुलुकमा हालसम्म ३८ वटा प्रधानमन्त्री भइसकेपनि राष्ट्रियता र जनताको हितका लागि ३७ वटा प्रधानमन्त्रीले गर्न नसकेका कामहरु अहिले प्रधानमन्त्री ओलीले गरेर देखाइदिएको दाबी पनि गरे ।

पत्रकार सम्मेलनमा पार्टीका केन्द्रिय सदस्य एवं सप्तरी जिल्ला प्रवक्ता सुखराम यादवले माघ १३ गतेको आमसभामा उपप्रधानमन्त्री पोखरेलका साथै सहरी विकास मन्त्री प्रभु साह, कानुन मन्त्री लिलानाथ श्रेष्ठ, महिला बालबालिका मन्त्री जुली महतो, प्रदेश २ का इन्चार्ज सत्यनारायण मण्डल, प्रदेश सचिव सुमन प्याकुरेल र रघुबिर महासेठ समेत सहभागि हुने जानकारी दिए ।


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६





**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np